# आर्थिक बर्ष २०८१/०८२ को
# नीति तथा कार्यक्रम

सुनकोशी गाँउपालिका
रामटार, सिन्धुली
२०८१

आदरणीय गाँउसभाका सदस्य ज्यूहरु,
उपस्थित महानुभावहरु,
पत्रकार साथीहरु,
सुनकोशीबासी आमा बुबा, दाजुभाई तथा दिदिबैनीहरु,

१.नेपालको संघीय गणतान्त्रिक संविधानको उदेश्य दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गर्ने रहेको छ। संविधानले परिकल्पना गरेका उदेश्यहरु हासिल गर्न, नागरिकहरुको जीवनस्तरमा सकरात्मक परिवर्तन ल्याउन र सुनकोशी गाँउपालिकाको आगामी बर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रमलाई मार्गदर्शन गर्नको लागि, यस सम्मानित दोस्रो गाँउसभाको १५ औं अधिवेशनको ३० औं बैठकमा सुनकोशी गाँउपालिकाको आर्थिक बर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाई गर्वको अनुभूति भएको छ। मेरो दोस्रो कार्यकालको तेस्रो नीति तथा कार्यक्रममा, हामीले अहिलेसम्म गरेका सकरात्मक प्रयासहरुलाई सफल बनाउन केही पुरक नीति तथा कार्यक्रमहरु तथा केही नविन परिकल्पनाहरु समावेश गर्न पाँउदा म उत्साहित समेत भएको छु। यस सुखद अवसरमा सर्वप्रथम म सुनकोशी गाँउपालिकालाई सफल बनाउन भुमिका खेल्नुहुने सम्बन्धित सबै पक्षहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । नेपालको विभिन्न चरणका लोकतान्त्रिक आन्दोलनमा आफ्नो जिवन अर्पण गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको लागि विभिन्न समयमा भएका संघर्ष र आन्दोलनहरुमा नेतृत्व गर्नुहुने राजनीतिक दल, श्रदेय नेता ज्यूहरु र नेपाली जनताहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

२.नेपाल सरकार र प्रदेश सरकारले प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरुसँग तालमेल गर्दै सुनकोशी गाँउपालिकाको आफ्नो स्थानीय

सुनकोशी गाउँपालिका
गाउँपालिकाको कार्यालय
सिन्धुली
प्रदेश, नेपाल
२०७३

दिपा बोहोरा दाहाल
अध्यक्ष

आवश्यकताहरुलाई नीति तथा कार्यक्रमहरु र बजेट मार्फत पुरा गर्दै जानुपर्ने हुन्छ ।संघीय र प्रदेश सरकारबाट प्राप्त हुने शशर्त अनुदान, समानिकरण अनुदान, राजस्व बाँडफाडको रकम , विशेष र समपुरक अनुदानहरुले सुनकोशी गाँउपालिकाको नीति तथा कार्यक्रम र बजेटलाई प्रभावित बनाएको हुन्छ। नागरिकमा पुर्याउनुपर्ने विकास र समृद्धिका असिमित आवश्यकताहरु र उपलब्ध सिमित स्रोत र साधनहरुवीचको उचित तालमेल गर्दै नेपालको संविधान अनुसुची ८ र ९ मा उल्लिखित स्थानिय तहको एकल तथा साझा अधिकार, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, आबधिक योजनाले तय गरेका प्राथमिकताहरु, विकासका समसामयिक मुद्धाहरु जस्तै:- सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, वालमैत्री स्थानिय शासन, वातावरणमैत्री स्थानिय शासन, खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु र हाल सम्मको असल सिकाइ र अभ्यासहरुको आधारमा प्रस्तावित आगामी आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गरी सार्वजनिकरणका लागि पेश गरेको छु । यस नीति तथा कार्यक्रम सुनकोशी गाँउपालिकाको **“हामी सबैको शान समृद्ध सुनकोशी हाम्रो अभियान”** भन्ने मूल नारालाई सार्थक बनाउनेतर्फ नै केन्द्रित रहेको छ ।

आदरणीय गाँउसभा सदस्य ज्यूहरु,

३.सुनकोशी गाँउपालिकाले निर्माण गरेका कानूनहरु तथा कार्यविधिहरु, गरेका विकासका कार्यहरु तथा आर्थिक बर्ष २०८०।८१ मा तय गरेका नीति योजना तथा कार्यक्रमहरुले सकरात्मक र उत्साहजनक उपलब्धिहरु हासिल भएका छन्।गाँउपालिकाबाट दुर दराजमा रहेका नागरिकहरु, जेष्ठ नागरिकहरु, अपाङ्गता भएका व्यक्तिहरु, असक्त तथा आर्थिक रुपले कमजोर घर परिवारहरु, महिला तथा बालबालिकाहरु, सिमाङ्कित र

दिपा केसी दाहाल
अध्यक्ष

उत्पिडित समूहहरु, किसानहरु र सवै सेवाग्राहीहरुको गाँउपालिकाप्रति विश्वास र चासो बढेको छ। विपदको समयमा गाँउपालिकाले हेर्छ भन्ने नागरिकहरुमा आत्मविश्वास बढेको छ। सुनकोशी गाँउपालिकाको विकास र समृद्धिको लागि आम नागरिकहरुको सहभागितामा बढोत्तरी भएको छ। नागरिकको भावना अनुरुप सेवा प्रवाहलाई सुदृढीकरण गर्दै घर घरमा जन जनमा स्थानीय सरकारको अनुभूति दिलाउने कार्य भएको छ। उपलब्ध स्रोत साधन शक्ति र सामर्थ्यलाई परिचालन गरि सुशासन कायम गर्ने तर्फ अघि बढिरहेको छ ।

आदरणीय गाँउसभाका सदस्य ज्यूहरु,
आगामी आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुअघि म चालु आ.व.२०८०।०८१ को नीति तथा कार्यक्रमगत केहि उपलब्धीहरुलाई संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।
सुनकोशी गाँउपालिकाका नागरिकहरुलाई १४ वटा स्वास्थ्य संस्थाहरु मार्फत निशुल्क स्वास्थ्य सेवा प्रदान भइरहेको छ ।दुर दराजका नागरिकहरुलाई स्वास्थ्य सेवामा पहुचको लागि स्वास्थ्य संस्था र जनशक्तिको व्यवस्था गरिएको छ ।नागरिकहरुको स्वास्थ्य संस्थामा पहुँच बढेको छ। न्यूनतम सेवा मापदण्ड गत बर्ष ६५ अंक प्राप्त भएकोमा यो वर्ष सुधार भइ ६८ अंक प्राप्त भएको छ ।
जेष्ठ नागरिक अपाङ्ग र असक्त तथा विपन्न नागरिकहरुले गाँउपालिकाबाट सम्झौता भए अनुरुप आत्मिय सामुदायिक अस्पतालबाट ३३२ जनाले निशुल्क स्वास्थ्य उपचारको सेवा लिनुभएको छ।
सुरक्षित मातृत्व सुनकोशी गाँउपालिकाको दायित्व अनुरुप स्वास्थ्य संस्थामै सुत्केरी गराउनको लागि स्वास्थ्य संस्थामा पर्याप्त जनशक्ति र आवश्यक सामाग्रीको व्यवस्थापन तथा स्वय सेविकाहरुको परिचालन गरिएको छ ।बन्दिपुर र मझुवा स्वास्थ्य संस्थामा बर्थिङ सेन्टर सुचारु गर्ने तयारी अन्तिम चरण रहेको छ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

सबै चेकजाँच गर्ने सुत्केरीहरुलाई अध्यक्ष प्रोत्साहन रकम उपलब्ध गराइएको छ ।रिफरल सुत्केरीहरुलाई एम्बुलेन्स भाडा प्रदान गरिएको छ ।

गाँउपालिकामा विभिन्न ४ स्थानमा आँखा शिवर संचालन भएको छ ।शिविरमा समस्या देखिएका सबै ६०० जना विरामीहरुलाई गाँउपालिकाले चश्मा उपलब्ध गराएको छ ।

६१ जना दिर्घ रोगीहरुले आर्थिक सहायता प्राप्त गर्नुभएको छ भने ३१ जनाले सहुलियत उपचार सिफारिस पाउनु भएको छ ।गम्भिर रोग लागि उपचाररत विरामीहरुलाई तथा विपन्न विरामीहरुलाई उपचार राहत खर्च तथा भत्ताहरु नियमित रुपमा उपलब्ध गराइएको छ ।

स्वास्थ शाखा मार्फत शशर्त र गाँउपालिकाबाट विनियोजित कार्यक्रमहरु कुशलतापुर्वक सम्पन्न भइरहेको छ ।

सबै विद्यालयहरुमा आवश्यक मात्रामा निशुल्क स्यानेटरी प्याड वितरण सम्पन्न भएको छ । विपन्न विद्यार्थीहरुलाई झोला र कक्षा २ र ३ का सबै विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण तयारी रहेको छ ।

शैक्षिक गुणस्तर सुधारका कक्षा १-३ कक्षा ५ र कक्षा ८ को गाँउपालिका स्तरीय मूल्याङ्कन प्रणालीको व्यवस्था गरिएको छ ।अतिरिक्त क्रियाकलापमा जोड दिइ विद्यार्थीहरुको विविध प्रतिभाहरुको पहिचान भएको छ ।विज्ञान प्रदर्शनीमा प्रदेश स्तरसम्म सहभागिता भएको छ ।

- दिवा खाजामा स्थानीय खाद्यान्न प्रयोग गरि विद्यालयमा नै पकाउने व्यवस्थाको अनिवार्यता गरिएको छ।
- सुनकोशी गाँउपालिकाको मावि स्तरीय चौथो राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता भव्य तवरले सम्पन्न भइ प्रदेश स्तरसम्म जाने विद्यार्थी भाइवहिनीहरुमा यस गाँउपालिकाबाट अधिकाशं छनौट भएको थियो ।
- एक घर एक खानेपानी धारा निर्माण कार्य अभियानकै रुपमा संचालन भएको छ ।स्थानीय क्लबहरु, व्यावसायीहरु, रेडक्रस, वन कार्यालयहरु र

दिपा बोहोरा दाहाल
अध्यक्ष

वडा कार्यालयहरुले आफ्नो आफ्नो क्षेत्रमा सरसफाइका कार्यक्रमहरु सम्पन्न गरेका छन ।

सामाजिक सुरक्षा भत्ता वितरणलाई सरलीकरण गर्न १६५० जना असक्तहरुलाई वडाका टोल टोलमा भत्ता वितरण गरिएको छ ।

२३४ जना जेष्ठ नागरिकहरु र २८ जना अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र कार्ड वितरण भएको छ ।७२ जना जेष्ठ नागरिकहरु तिर्थयात्रा तथा अवलोकन भ्रमण कार्यक्रममा सहभागी हुनुभएको थियो ।

बालदिवसमा ३७१ जना विद्यार्थीहरुको उपस्थितिमा निवन्ध लेखन र नृत्य प्रतियोगिता संचालन भएको छ।१०९६ जना किशोरीहरुलाई आत्मरक्षा सम्बन्धि तालिम प्रदान गरिएको छ ।१० वटै माविमा लागू पदार्थ दुर्व्यसन र आत्महत्या रोकथाम सम्बन्धि सचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न भएको छ ।

सबै वडामा मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गरी लैङ्गिक तथा घरेलु हिंसा न्यूनीकरण र क्षति कम गर्ने कार्य निरन्तर भएको छ ।मनोसामाजिक परामर्श कर्ताहरु र सबै वडाका २/२ जना महिलाहरु गरी २१ जनालाई ७ दिने मनोसामाजिक विमर्श तालिम प्रदान गरिएको छ ।

न्यायिक समितलाई प्रविधिमैत्री र न्यायिक प्रणालीको अनुरुप संचालन गरिएको छ ।

११ जना गणकहरु परिचालन गरी ३५६९ जना किसानहरुको सूचीकरण सम्पन्न भएको छ ।

४९७८ जना कृषकहरुलाई तरकारीको विउबिजन वितरण भएको छ ।यस बर्ष ४२ वटा हाते ट्र्याक्टर वितरण हुनेछ ।२५० जना कृषकहरुलाई ७५ प्रतिशत अनुदानमा स्प्रेयर ट्याङ्की वितरण कार्य सम्पन्न भएको छ।१०० जना कृषकहरुको लागि पलास्टिक टनेल वितरणका लागि तयारी भएको छ ।

५५५० वटा गाइ भैंसी १५००० वटा बाख्रा निशुल्क भ्याक्सिन लगाउने काम भएको छ । ६० वटा कुकुरहरुलाई रेविज विरुद्धको भ्याक्सिन

दिपा बोहोरा दाहाल
अध्यक्ष

लगाइएको छ ।२४०० जना किसानहरुलाई पशुपन्छी सम्बन्धि निशुल्क औषधीहरु वितरण भएको छ ।
९७३ वटा पशुपंक्षीहरुको निशुल्क पशु विमा गरिएको छ ।
सडक कालोपत्रे र ढलान कार्य तथा सडक स्तरोन्नती गर्दै सबै सडकहरु १२ महिना नै संचालन हुने व्यवस्था गरिएको छ।
लघु उद्दम विकास कार्यक्रम मार्फत कम्पोस्ट मल बनाउने र बाटेको धुप बनाउने तालिम सम्पन्न भएको छ ।गृहणी महिला शसक्तीकरण कार्यक्रम र राष्ट्रपति महिला शसक्तीकरण कार्यक्रम मार्फत महिलाहरुलाई जिविकोपार्जन र उत्पादनमा जोड्न खोजिएको छ ।
प्रधानमन्त्री रोजगार अन्तर्गत यस बर्ष १५ वटा चौतारा, ११ वटा पोखरी ४ ठाँउमा र ११ वटा गोरेटो बाटो निर्माण तथा मर्मत कार्य सम्पन्न भएको छ ।सबै वडामा गरी २३१ जनाको उपस्थितिमा श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सम्पन्न भएको छ ।रु ३ लाख को हाते औजारहरु खरिद गरी वितरण गरिएको छ ।
सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउन गाँउपालिकाको कार्यालय वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा जनशक्ति र भौतिक सामाग्रीको व्यवस्थापन, इ हाजिरी र सफ्टवेयर प्रणालीको प्रभावकारी प्रयोग गरिएको छ ।
चालु आर्थिक बर्षको आय र व्यायहरुको क्षेत्रगत उपलब्धिहरु बजेट सभामा प्रस्तुत हुनेछ ।

आदरणीय गाँउसभाका सदस्य ज्यूहरु,
४.अब म आगामी आ.व.२०८१।०८२ को विषय क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु । आगामी आ.ब.२०८१।०८२ को नीति तथा कार्यक्रमले सुनकोशी गाँउपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने, उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, सहकारी र वित्तीय क्षेत्रलाई उदेश्य अनुरुप परिचालन गर्ने, गाँउमै रोजगारी सिर्जना गर्ने, आर्थिक रुपले विपन्न

दिपा बोहोरा दाहाल
अध्यक्ष

नागरिकहरुमा निशुल्क रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने, विद्यालय सुधार योजना अनुरुप गुणस्तरीय शिक्षाको ग्यारेन्टी गर्ने, सिमान्तकृत र पछाडी परेका वर्ग लिङ्ग क्षेत्र र समुदायलाई आर्थिक लाभको पहुँचमा पुर्याउने, समाजमा व्याप्त कुरिति र कुसंस्कारको अन्त्य गर्दै विभेद र असमानतालाई हटाउने, दिगो सुरक्षित र भरपर्दो पक्की सडक भएको सिसा र पलास्टिक मुक्त स्वच्छ सफा र हराभरा गाँउपालिका निर्माण गर्ने, सबै नागरिकहरुमा एक घर एक धारा सहितको स्वच्छ र सफा खानेपानी वितरण गर्ने, किसानहरुको मल विउ र सिँचाइ सम्बन्धी समस्याहरुको समाधान गर्दै उत्पादकत्वमा अभिवृद्धि गर्ने, गाँउपालिकाको आन्तरिक स्रोतको वृद्धि गरी आत्मनिर्भरता तर्फ उन्मुख हुने र सामाजिक न्याय र सुशासन कायम गर्दै नागरिकहरुमा छिटो छरितो सरल र सहज तरिकाले प्रभावकारी सेवा प्रवाह गर्ने रणनीतिहरु, योजना तथा कार्यक्रम र बजेट निर्माणमा सहयोग पुर्याउने विश्वास लिएको छु ।

क.आर्थिक विकास

कृषि

कृषि पेशालाई व्यवसायिक र यन्त्रीकरण गर्दै एक वडा एक उत्पादनलाई अभियानकै रुपमा लगि नयाँ पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।

**"अध्यक्षसँग युवा किसान भेटघाट"** कार्यक्रम मार्फत युवा किसानहरुलाई अनुदान प्रदान गरिनेछ ।

अर्गानिक तरकारीमा आत्मनिर्भर गाँउपालिका निर्माणका लागि **"एक घर एक करेसावारी (KITCHEN GARDEN)"** निर्माण गर्ने कार्यक्रमलाई थप किसान संख्या वढाइ निरन्तरता दिइनेछ ।

**कृषि क्षेत्रको सुदृढीकरणका लागि सरकारी गैर सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ** ।बागबानी केन्द्रसँगको समन्वयमा आवासीय कृषक तालिम संचालन गरिनेछ ।तरकारी खेती सम्बन्धी घुम्ती तालिम संचालन गरिनेछ ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

- विद्यार्थीहरुलाई माटो र उत्पादनसँग जोड्न कक्षा ९ र १० का विद्यार्थीहरुलाई प्रति विद्यार्थी फलफूलको विरुवा उपलब्ध गराइ विरुवा हुर्काउने र संरक्षण गरे वापत रु १५०० बराबरको शैक्षिक सामाग्री उपलब्ध गराइनेछ ।जसबाट वातावरण संरक्षण हुने पारिवारिक पौष्टिक आहारमा टेवा पुग्ने र विद्यार्थीहरुमा शैक्षिक सामाग्रीको अभाव हट्ने विश्वास लिइएको छ ।
- किसानहरुको मलको समस्यालाई समाधान गर्न संघ र प्रदेश सरकारका साथै सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ । साथै प्राङ्गारिक खेती प्रवर्दन गर्नका लागि भर्मिकम्पोस्ट बनाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बाली नालीमा लाग्ने शत्रुजीव नियन्त्रण र व्यवस्थापनका लागि आकस्मिक बाली शिविर संचालन गरिनेछ ।
- कृषि पेशालाई मर्यादित र सम्मानित पेशाको रुपमा विकास गरिनेछ। आधुनिकीकरण र वजारीकरणको लागि आवश्यक समन्वय गरिनेछ ।
- मौरी पालन र च्याउ खेति कार्यक्रम संचालन गरी किसानहरुको आम्दानीमा वृद्धि गरिनेछ ।
- सुनकोशी गाँउपालिकाको निर्माणाधिन चिस्यान केन्द्र (COLD STORE) संचालनमा ल्याउन बागमती प्रदेश सरकारसँग समन्वय गरिनेछ ।साथै प्रभावकारी संचालनका लागि छिमेकी स्थानीय तहहरु कृषिसँग सम्बन्धित संघ संस्थाहरु र सहकारीहरुसँग समन्वय र सहकार्य गरिनेछ।
- सुनकोशी गाँउपालिकाभित्रका सुख्खाग्रस्त भू-भागहरुलाई सिँचाइको व्यवस्था गरिनेछ ।संघ सरकार प्रदेश सरकार विभिन्न एनजिओ आइएनजिओ र संघ संस्थाहरुसँग सहकार्य गरी सबै खेति योग्य जमिन/ टारहरुमा सिँचाइ हुने व्यवस्था गरिनेछ ।
- "एक घर एक घर बँगैचा" निर्माणका लागि एक घर एक पलास्टिक टनेल र आवश्यक सामाग्री वितरण गरिनेछ ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

विपन्न दलित जिविकोपार्जन कार्यक्रमको शुरुवात गरी कृषि अनुदान प्रदान गरिनेछ।

कृषि क्षेत्रको सुदृढीकरणका लागि सरकारी गैर सरकारी क्षेत्रहरु तथा कृषि विज्ञहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

सुनकोशी गाँउपालिकाको कृषि गुरुयोजना लागू गरि गाँउपालिकालाई AGRICULTURE HUB को रुपमा विकास गरिनेछ ।

मासु अण्डा र दुधमा आत्मनिर्भर सुनकोशी गाँउपालिका निर्माणका लागि कृषि तथा पशुपालनमा युवाहरुको सहभागिता कार्यक्रमहरु निरन्तर संचालन गरिनेछ । विदेशबाट फर्केका युवाहरुको क्षमतालाई उपयोग गर्न प्राविधिक र आर्थिक अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ ।

गरिबी न्यूनिकरण र रोजगारी सिर्जना गर्नका समाजमा पछाडी परेका समुदाय लक्षित पशुपालन कार्यक्रम संचालन गरिनेछ ।

उपाध्यक्ष सँग कृषि/पशु व्यावसायी भेटघाट कार्यक्रम शुरुवात गरी कृषि र पशु व्यवसायहरुलाई सुदृढीकरण गरिनेछ ।

माछापालनलाई प्रवर्दनका लागि नयाँ पोखरी निर्माण पुरानो पोखरीहरु मर्मत तथा सुधार मत्स्य ह्याचरी र नर्सरी स्थापना संचालन तथा व्यवस्थापन र संभाव्यताको आधारमा चिसो र तातो पानीमा हुने माछापालन कार्यक्रमहरु संचालन गरिनेछ ।

जुनोटिक रोगको बारेमा जानकारी गराउन विद्यालय शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

भुस्याहा कुकुरहरुको बन्ध्याकरण कार्यक्रम र रेबिज विरूद्धको खोप कार्यक्रम संचालन गरिनेछ ।

पशुपंक्षिमा लाग्न सक्ने विभिन्न किसिमका महामारीजन्य रोगहरू उन्मुलनका लागि खोप कार्यक्रम संचालन गरिनेछ ।

गोबर रगत तथा दुध परीक्षण तथा अन्य परीक्षणका लागि गाँउपालिका स्तरीय पशु प्रयोगशाला निर्माणका लागि पहल गरिनेछ ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

पशुहरुको गर्भ परीक्षण मेसिन खरिद गरी पशु प्रजनन स्वास्थ्य सम्बन्धी जाँच शुरु गरिनेछ ।

कृषकहरूको सम्पूर्ण सुरक्षाका लागि ५० प्रतिशत अनुदानमा पशुबीमा तथा कृषक बीमा कार्यक्रम निरन्तर रुपमा संचालन गरिनेछ ।

पशुपालनमा रहेको आहारको समस्या समाधान गर्न घाँस र विउ वितरण गरी एक घाँस स्रोत केन्द्रको स्थापना गरिनेछ ।

एक वडा एक स्वच्छ मासु पसल र एक सुधारिएको डेरी उद्योग स्थापना गर्न प्राथमिकता दिइनेछ ।स्वच्छ मासु पसल र डेरीका लागि बजार अनुगमन र नियमनका कार्यक्रम संचालन गरिनेछ ।

कृषकहरुको क्षमता अभिवृदिका पशुपालन तालिम संचालन गर्ने कृषकहरुलाई कृषि सूचना प्रणालीमा आवद्व गरी पहुँच बढाउन किसान कल सेन्टर स्थापना गर्ने, किसान सहायता कक्ष स्थापना गर्ने र कृषि सुशासनका लागि सार्वजनिक सुनुवाइ गर्ने कार्यलाइ मुख्य प्राथमिकतामा राखि व्यवस्थित बनाउदै लगिनेछ ।

जलवायु परिवर्तनले कृषि क्षेत्रमा देखा परेका अवसर र असरहरुको पहिचान गरि अनुकुलन र प्रभाव न्यूनीकरणका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

उद्योग तथा वाणिज्य

- सुनकोशी गाँउपालिकामा एक औधोगिक ग्राम स्थापना गर्ने कार्यलाई अगाडी बढाइनेछ ।
- स्थानिय जडिबुटी तथा कृषि उत्पादनमा आधारित लघु साना तथा घरेलु उद्योगहरुको विकासलाई प्राथमिकता दिइ सीप विकासका तालिमहरु संचालन गरिनेछ ।
- स्थानीय ज्ञान सीप कला र उत्पादनलाई प्रोत्साहन गर्न गाँउपालिकाभित्र स्वागत र सम्मान कार्यक्रम गर्दा स्थानीय स्तरमा उत्पादन भएको ढाकाको खाँदा र स्थानीय उत्पादनको फूलको माला मात्रै प्रयोगमा ल्याउने कार्यलाई निरन्तरता दिइनेछ । स्थानीय स्तरमा उत्पादन भएको अल्लोको झोला र

दिला घिमिरे दाहाल
अध्यक्ष

मिनिरल वाटरको पानी खरिद गरेमा व्यावसायीहरुलाई कर छुट गर्ने नीति लिइनेछ ।

- गाँउपालिकाको अनुदान प्राप्त उद्योगहरुको संचालनका लागि सहकारीहरुलाई प्रोत्साहन गरिनेछ।
- स्थानिय उत्पादनमा आधारित सामानहरुको बजार सुनिश्चित गर्न पहल गरिनेछ। साथै स्थानिय उत्पादन प्रयोगमा जोड दिइनेछ ।
- स्थानीय खुर्पानी, किवी, लिची, अनार, जुनार, सुन्तला, आँप लगायतका फलफूलहरूबाट जाम जेली र जुस उत्पादन गर्न विशेष प्राथमिकता दिइनेछ । यससँग सम्बन्धित साना तथा घरेलु उद्योग स्थापनाको लागि आवश्यक तालिम र व्यवस्थापनका लागि सहजीकरण गरिनेछ ।
- उद्दमशीलता विकास तालिम प्राप्तहरुलाई उद्योग स्थापना र संचालनमा प्रोत्साहन र सहजीकरण गरिनेछ ।
- गाँउपालिकाभित्र होटल, किराना, फेन्सी तथा श्रृङ्गार पसलहरु, मेडिकलहरु तथा एग्रोभेटहरु इट्टा तथा ब्लक उद्योगहरु लगायतको उद्योग तथा व्यावसायहरुलाई कानूनी रुपमा दर्ता तथा सूचीकरणका लागि अनिवार्य गरिनेछ ।
- उद्योग तथा व्यवसायमा हुने बालश्रमलाई अन्त्य गरिनेछ ।
- उद्योग व्यापार र व्यावसायमा हुन सक्ने अनियमितता, गैरकानूनी कारोबार, विचौलिया र कालो बजारीलाई रोक्न नियमित अनुगमन तथा नियमनका कार्यहरु संचालन गरिनेछ । उपभोक्ताको हक संरक्षणका लागि संवेदनशीलता अपनाइनेछ ।
- उद्योग तथा व्यावसायहरु दर्ता तथा नविकरण प्रक्रियामा बैज्ञानिक मापदण्डहरु लागू गरिनेछ । गाँउपालिकाको नीति अनुशरणको मूल्याङकन गरी उत्कृष्ट व्यवसायीलाई पुरस्कृत गरिनेछ ।

पर्यटन

दिपा बोहोरा दाहाल
अध्यक्ष

- गाँउपालिकाभित्रका सम्भाव्य पर्यटकिय स्थलहरुको पहिचान तथा विकास गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गरिनेछ । निकट भविष्यमा सुनकोशी मरिन डाइभर्सन र खुर्कोट चियाबारी सुरुङमार्गले आकर्षण गर्ने आन्तरिक र वाह्य पर्यटकहरुबाट लाभ लिन आवश्यक रणनीतिहरु तय गरिनेछ ।
- पर्यटकिय गन्तव्यको रुपमा देविस्थान, खानीगाँउ, सिउरेनी, ओख्रेनी, काफ्लेचौर, डाँगी, बोल्दे, बुद्दपार्क, हिलेखर्क, फापरचुली, बन्दिपुर, मतनबास, नाँगी गढी पर्यटन ट्रेल निर्माण र विकास गर्ने कार्यलाई निरन्तरता दिइ प्रचार प्रसारमा जोड दिइनेछ ।
- गाँउपालिकाभित्रका पर्यटकीय क्षेत्रहरुमा आन्तरिक तथा वाह्य पर्यटकहरुलाई लोभ्याइ बसाई लम्बाउन पर्यटन व्यावसायी तथा होटल व्यवसायीहरुसँग पूर्वाधार निर्माण, फोहरमैला व्यवस्थापन तथा स्थानीय उत्पादन प्रयोग गर्न आवश्यक छलफल समन्वय, र सहजीकरणका कार्यहरु निरन्तर गरिनेछ ।
- विपी हाइवे र ग्रामिण सडकहरुको सौन्दर्यता बढाइ पर्यटकहरुलाई आकर्षण गर्न सडक आसपासका व्यवसायीहरुले अनिवार्य हुर्काउने र संरक्षण गर्ने गरी नेपालथोक देखि खाल्टे सम्म एक व्यवसायी एक गुलमोहर तथा जराकण्डाको फूलको विरुवा उपलब्ध गराइनेछ । सुनकोशी किनार सौन्दर्यीकरण तथा तट सुरक्षाको लागि वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।
- सित्तलपाटी, मालेपाटी, मुलकोटपाटी, विपि पार्क, सहिद पार्क तथा बोटानिकल गार्डन र फापरचुली क्षेत्रमा पर्यटकहरुलाई आकर्षण गर्न विविध योजना तथा कार्यक्रमहरु निरन्तर रुपमा संचालन गरिनेछ ।
- गाँउपालिकाभित्रका धार्मिक तथा ऐतिहासिक क्षेत्रहरुको पहिचान गरी संरक्षण र प्रचारप्रसार गरिनेछ ।
- पर्यटन प्रर्वद्धनका लागि सरकारी तथा गैरसरकारी क्षेत्र र निजी क्षेत्रहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

Deepa
दिपा बोहोरा दाहाल
अध्यक्ष

सुनकोशी गाँउपालिकाभित्र पर्ने विपी हाइवे क्षेत्रलाई सँधै सफा र सुन्दर बनाइनेछ । हाइवे क्षेत्रमा पर्ने कुशेश्वर मन्दिर परिसरको विकास, रामटार मुलकोट क्षेत्र र सहिद पार्क क्षेत्रको विकास र रातोडाँडा क्षेत्रमा स्टोन पार्क निर्माण तथा व्यवस्थापन गर्ने कार्यलाई विशेष ध्यान दिइनेछ ।
सुनकोशी जलमार्ग र पानीसँग सम्बन्धित पर्यटन विकासका लागि सहजीकरण गरिनेछ ।

सहकारी तथा वित्तीय क्षेत्र

सुनकोशीको आर्थिक विकास र रोजगारी सिर्जनाको आधारको रुपमा रहेका सहकारी तथा वित्तीय क्षेत्र प्रवर्द्धनमा विशेष ध्यान दिइनेछ ।
सहकारीहरुको क्षमता अभिवृद्धि गरी व्यवस्थित परिचालनका लागि ऋण व्यवस्थापन तालिम र पल्स तालिम संचालन गरिनेछ ।
गाँउपालिकाभित्र कृषि र उत्पादनशील क्षेत्रमा लगानी गर्ने सहकारी तथा वित्तीय क्षेत्रलाई प्रोत्साहन गर्न अनुदान दिने व्यवस्था गरिनेछ ।
सहकारीहरुको स्थापित उदेश्य अनुरुपको कार्य सम्पादन निरन्तर अनुगमन मूल्याङ्कन गरिनेछ ।समस्या देखिएका सहकारीहरुको समस्या समाधानका लागि यथोचित व्यवस्था गरिनेछ ।
**"एक वडा ३ फरक उदेश्यका सहकारी"** नीति अनुरुप सहकारीहरुलाई मर्जको लागि आव्हान गरिनेछ ।
गाँउपालिकाबाट निर्माण गरिएको सहकारीहरुको प्रोफाइल र लेखा परीक्षण प्रतिवेदनको आधारमा सहकारीहरुलाई वर्गीकरण गरी प्रोत्साहन तथा नियमन गरिनेछ ।
गाँउपालिका भित्रका किसानहरुलाई सहुलियतपूर्ण ऋण प्रवाह गर्न बैङ्क तथा वित्तीय संस्थाहरुसँग समन्वय र सहजीकरण गरिनेछ ।

ख.सामाजिक विकास

शिक्षा

दिपा बोहोरा दाहाल
अध्यक्ष

- नेपाल सरकार, वागमती प्रदेश सरकार, स्थानीय शिक्षासँग सम्बन्धित सरोकारवालाहरु र गैर सरकारी संस्थाहरुको सहकार्यमा अपाङ्गता भएका वालबालिका सहित सबै बालबालिकाहरुको अनिवार्य आधारभूत शिक्षामा पहुँच सुनिश्चितता गरिनेछ ।बाल विकास देखि माध्यमित तह सम्म निशुल्क र गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिनेछ ।
- एउटै विद्यालयमा लगातार ५ बर्ष भन्दा बढी अध्यापन गराइरहनु भएका शिक्षकहरुमा हुन सक्ने मोनोटोनसलाई मध्यनजर गरी आवश्यकताको आधारमा शिक्षकहरुको अनिवार्य सरुवा गर्ने प्रणालीको विकास गरिनेछ ।
- आत्मनिर्भरता, राष्ट्रिय र अन्तराष्ट्रिय रोजगारीका अवस्थाहरुको अध्ययन गरी माध्यमिक तहको प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गरिनेछ ।गाँउपालिका अन्तर्गतका विद्यालयमा प्राविधिक र व्यावसायिक धारमा अध्ययनरत विद्यार्थीहरुलाई पढ्दै कमाउँदै कार्यक्रममा सहभागी गराउन गाँउपालिका योजना तथा कार्यक्रमहरुमा समेत सहभागी गराइनेछ ।
- आर्टिफिसियल इन्टेलीजेन्स (AI) QUESTION BANK SOFTWARE मार्फत माध्यमिक तहका विद्यार्थीहरुको पढाइमा थप क्रियाशिलता अभिवृद्धि गरिनेछ ।
- ३ देखि ५ बर्ष उमेरका बालबालिकालाई प्रारम्भिक बाल विकास र गुणस्तरीय शिक्षा सेवा उपलब्ध गराउन बाल विकास शिक्षकहरुलाई प्रारम्भिक तथा पुनर्ताजगी तालिम प्रदान गरिनेछ। साथै सुविधा सम्पन्न बाल कक्षा निर्माण तथा विस्तार गरिनेछ ।
- EMIS डाटालाई चुस्त दुरुस्त बनाइ डाटा फर बेटर एजुकेशनको रुपमा प्रयोग गर्न सबै विद्यालयहरुलाई प्रविधिमैत्री बनाइ सबै शिक्षकहरुलाई कम्प्यूटर जान्नुपर्ने अनिवार्यता गरिनेछ ।
- विद्यार्थीहरुको अन्तरनिहित क्षमताको पहिचान र विकासका लागि राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको समयलाई EDUCATIONAL HOLIDAY घोषणा गरी सबै विद्यालयहरुलाइ समावेश गरी अतिरिक्त क्रियाकलापहरु संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

दिपा बहादुर
अध्यक्ष

सुनकोशी गाँउपालिकाभित्र रहेका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न सिकाइ सामाग्रीहरु, बाल पुस्तकालय, आइटी सिकाइ सामाग्रीहरु, खेलकुदका सामाग्रीहरु, सरसफाइ सामाग्री जस्ता भौतिक तथा प्राविधिक सुविधाको विस्तार गरिनेछ। सुरक्षित समावेशी सिकाईमैत्री वातावरण कक्षाकोठाहरु र खेलमैदानहरु निर्माणमा जोड दिइनेछ ।

गाँउपालिका र विद्यालयहरुमा समावेशिता सहभागिता र जवाफदेहिता बढाइ शैक्षिक सुशासन कायम गर्ने तथा शिक्षामा लैङ्गिक समावेशीकरण सुनिश्चिता गरिनेछ ।

गाँउपालिकाभित्र कार्यरत सबै क्षेत्रका कर्मचारी तथा शिक्षकहरुबीच आपसी समन्वय सहकार्य भातृत्व र एकता कायम गर्नको लागि शिक्षक र कर्मचारीहरु सबै समावेश हुने गरी मैत्रीपूर्ण खेल प्रतियोगिता तथा बनभोज कार्यक्रम संचालन गरिनेछ ।

प्रदेश शिक्षा तालिमशाखासँग समन्वय गरी पूर्व प्राथमिक देखि माध्यमिक तहका सबै शिक्षकहरुलाई शिक्षण व्यावसायिक तालिम दिइनेछ । नियमित अनुगमन र शिक्षण सिकाइ गतिविधिहरुको विशिष्ट समीक्षा प्रणाली अवलम्बन गरी विद्यार्थीको सिकाइ नतिजामा सुधार गर्दै गुणस्तरीय शिक्षण र सिकाइको सुनिश्चितता गरिनेछ ।

सबै तहका नव प्रवेशी शिक्षकहरुको लागि सेवा प्रवेश तालिम संचालन गरिनेछ ।

विज्ञान प्रविधि अंग्रेजी लेखा र गणित (STEAM) विषयहरुमा तहगत र विषयगत पाठ्यपुस्तकहरु शिक्षण सामाग्रीहरु र शिक्षण विधिहरुमा COLLABARATION CREATIVITY CRITICAL THINKING AND COMMUNICATION जस्ता सिकाइ कौशलहरुको प्रयोग मार्फत एकिकृत सिकाइ उपलब्धि हासिल गरिनेछ ।

विद्यार्थीसँग अध्यक्ष कार्यक्रम संचालन गरी विद्यालय र शैक्षिक गतिविधि बारे पृष्ठपोषण लिने प्रणालीको थालनी गरिनेछ ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

- विपन्न छात्राछात्रहरुलाई प्राविधिक तथा उच्च शिक्षाका लागि उचित छात्रवृतिलाई निरन्तरता दिइनेछ ।
- गाँउपालिकाभित्र रहेका विद्यालयहरुमा १००% भर्नादर पुर्याउन विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।साथै अनौपचारिक शिक्षाको लागि कुनै एक माध्यमिक विद्यालय मार्फत परिक्षामा सहभागी गराउने व्यवस्था गरिनेछ ।
- आधारभूत तह कक्षा ५ र ८ को परिक्षा प्रणालीलाई थप बैज्ञानिक बनाइनेछ ।कक्षा ८ र कक्षा १० को अर्धबार्षिक परिक्षा संचालन गरी गाउपालिका स्तरीय मूल्याङ्कन गरिनेछ । प्रश्नपत्र निर्माण र कपि परीक्षण, परिक्षा संचालन र नतिजा मूल्याङ्कन प्रणालीलाई बलियो बनाइनेछ ।
- आधारभूत तह कक्षा ३ का सबै विद्यार्थीहरु सहभागी हुने व्यवस्था गरी पढाई प्रतिस्पर्धा कार्यक्रमलाई थप विधा थप गरी निरन्तरता दिइ संचालन गरिनेछ । विद्यालयस्तरीय, वडास्तरीय र गाँउपालिकास्तरीय प्रतिस्पर्धा गराइ उत्कृष्ट विद्यालयहरुलाई पुरस्कृत गरिनेछ ।
- न्यून विद्यार्थी भएका विद्यालयहरुलाई मर्ज तथा समायोजन र कक्षा घटाउनको लागि शिक्षा सरोकारवालाहरुसँग निरन्तर छलफल तथा समन्वय गरिनेछ ।
- विद्यालय सुधार योजना अन्तर्गत प्रधानाध्यापक तथा शिक्षकहरुलाई उत्प्रेरित गर्न सबै शिक्षकहरु समावेश हुने विविध शैक्षिक कार्यक्रमहरुको जिम्मेवारी प्रदान गरिनेछ । कार्यक्रमकै क्रममा अन्तरवडा अन्तर विद्यालयको अवलोकन तथा भ्रमण हुने व्यवस्था गरिनेछ ।
- गाँउपालिकाभित्रका आर्थिक रुपमा कमजोर रहेका घरपरिवारका विद्यार्थीहरुको लागि झोला कपि कलम ड्रेस थप शैक्षिक भत्ता उपलब्ध गराइनेछ ।

स्वास्थ्य

- “स्वस्थ सुनकोशी स्वस्थ नागरिक” अभियानलाई सफल बनाउन गाँउपालिकाभित्र रहेका आयुर्वेदालय ,स्वास्थ्य चौकी आधारभूत स्वास्थ्य

दिपा बोहिरा दाहाल
अध्यक्ष

केन्द्र र सामुदायिक स्वास्थ्य इकाइबाट व्यवस्थित र सुविधासम्पन्न रुपले स्वास्थ्य सेवा प्रवाहको लागि व्यवस्थापनका सम्पूर्ण पक्षहरुमा विशेष ध्यान दिइनेछ ।

- १५ सैयाको अस्पताल निर्माण कार्यको लागि बन सँग जग्गा प्राप्तिको प्रक्रिया अन्तिम चरणमा रहेकोले जग्गा प्राप्त भएपछि आगामी आ ब २०८१।८२ मा ठेक्का आव्हान गरिनेछ ।१५ वेडको अस्पताल तयार नहुँदासम्म झाँगाझोली रातमाटा स्वास्थ्य चौकीबाट चिकित्सक सहितको सेवाहरु निरन्तर प्रदान गरिनेछ ।
- सुनकोशी गाँउपालिकाको स्वास्थ्य सेवा प्रवाह संरचनाबाट टाढा रहेका नागरिकहरुलाई स्वास्थ्य सेवामा पहुँच बढाउन वडा न ४को ढुङ्गेचौरमा स्वास्थ्य इकाइको व्यवस्था गरिने छ ।वडा न २ को ओद्रेकोट वडा न १ को घ्याम्पाटार वडा न ५ को लिट्टे भन्ज्याङ वडा न ६ को गौखर्क र चैनपुर वडा न ७ को चालिसे को स्वास्थ्य इकाइहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
- "सुरक्षित मातृत्व सुनकोशीको दायित्व" भन्ने नारालाई सार्थक तुल्याउन गर्वभती महिलाहरुलाई USG मेसिन मार्फत स्वास्थ्य परिक्षण गर्ने निशुल्क क्यालसियम चक्की वितरण गर्ने पोषण कार्यक्रममा सहभागी गराउने बर्थिङ सेन्टरमा प्रसुति सेवा लिन निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने र नेपाल सरकारको प्रोटोकल अनुसार गर्वभती महिलाले स्वास्थ्य संस्थामा परीक्षण गराइ वर्थिङ सेन्टरमा सुत्केरी गराए वापत प्रत्येक सुत्केरी महिलालाई "अध्यक्ष प्रोत्साहन कार्यक्रम" मार्फत आर्थिक सहयोग गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- आगामी आ.व. २०८१।०८२ देखि थप २ स्थान, मझुवा र बन्दीपुर स्वास्थ्य चौकीमा बर्थिङ सेन्टरको सुविधा विस्तार गरिनेछ ।संचालनमा रहेका दुम्जा झाँगाझोली र खाल्टे बर्थिङ सेन्टरको क्षमतामा विस्तार गरिनेछ ।गाँउपालिका भित्र स्वास्थ्य संस्थामा कार्यरत नर्स कर्मचारीहरुलाई SBA तालिमको व्यवस्था गरिनेछ ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि स्वास्थ्यकर्मी र महिला स्वंयम सेविकाहरुलाई आवश्यक तालिमको प्रवन्ध गर्ने उत्कृष्ट कर्मचारी घोषणा तथा प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- नेपाल सरकारले तोकेको आठ प्रकारका दिर्घ रोगीहरुलाई प्रदान गरिदै आएको स्वास्थ्य उपचार सहायतालाई निरन्तरता दिइनुका साथै सबै प्रकारको क्यान्सर तथा मृगौला सम्बन्धी विरामीलाई नेपाल सरकारले तोकेको मापदण्ड अनुसार दोहोरो नपर्ने गरी विपन्न नागरिक सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइनेछ ।
- गाँउपालिकाभित्रका जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्तिहरु असक्त र विपन्न नागरिकहरुलाई प्रदान गर्दै आएको निशुल्क स्वास्थ्य उपचारलाई निरन्तरता दिइनेछ ।साथै स्वास्थ्य संस्थामा पहुच नभएका नागरिकहरुलाई पायक पर्ने स्थानमा विशेषज्ञ सहितको बहुपक्षीय स्वास्थ्य शिविर संचालनलाई निरन्तरता दिइनेछ ।
- किशोरकिशोरीहरुको प्रजनन स्वास्थ्यका लागि सुदृढ स्वास्थ्य सेवा एव व्यवहारिक यौन तथा प्रजनन स्वास्थ्य शिक्षा कार्यक्रम र रक्त अल्पता हुनबाट जोगाउन प्रत्येक हप्ता निशुल्क आइरन फोलिक एसिड वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नियमित औषधी सेवन गर्नुपर्ने सुगर प्रेसर लगायत विविध दिर्घरोगीहरुसँग गाँउपालिकाको नियमित निगरानी कार्यक्रम संचालन गरी औषधी किन्नका लागि आर्थिक सहायता उपलब्ध गराइनेछ ।
- सबै माविमा कार्यरत विद्यालय नर्सहरुलाई स्वास्थ्य शाखा अन्तर्गत आवद्ध गरी विविध स्वास्थ्य कार्यक्रममा परिचालन गरिनेछ ।
- गाँउपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा मापदण्ड अनुरुप ६८ अंक प्राप्त भएकोले आगामी बर्ष ८० अंक भन्दा बढी अंक प्राप्त गर्न आवश्यक सामाग्रीहरु तथा औषधीहरुको व्यवस्थापन गरिनेछ ।
- आयुर्वेद औषधालयबाट प्रवाह भएको सेवालाई थप प्रभावकारी बनाउँदै आयुर्वेद स्वास्थ्य शिविर र योग शिविरहरु संचालन गरिनेछ । स्थानीय

दिपा बोहोरा दाहाल
अध्यक्ष

जडीबुटी स्रोतको पहिचान र संरक्षण गर्दै आयर्वेदीय जडीबुटी औषधीको विकासमा प्राथमिकता दिइनेछ ।

"अध्यक्ष नियमित स्वास्थ्य परीक्षण कार्यक्रम" संचालन गरी गाँउपालिकाभित्रका सबै सेवा स्वास्थ्य संस्थामा महिनामा एक पटक चिकित्सक सहितको सेवा प्रदान गरिनेछ ।

<u>खानेपानी तथा सरसफाई</u>

स्वच्छ सफा र पर्याप्त खानेपानी नागरिकको अधिकार नीति अनुरुप मुहानहरुको संरक्षण र पानीको विनियोजन र लिफ्ट खानेपानी आयोजनाको लागि नेपाल सरकार प्रदेश सरकार र विभिन्न संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी एक घर एक खानेपानी धारा निर्माण अभियानलाई निरन्तरता दिइनेछ ।

सिसा र पलास्टिक रहित गाँउपालिका निर्माणका लागि फोहरमैला व्यवस्थापनका विभिन्न कार्यक्रमहरु निरन्तर संचालन गरिनेछ ।

"उपाध्यक्ष खानेपानी मुहान संरक्षण र टोल सुधार कार्यक्रम" संचालन गरिनेछ ।

गाँउपालिकाको १० बर्षिय खानेपानी सरसफाइ र स्वच्छता योजना (WASH PLAN) कार्यान्वयनमा विशेष जोड दिइनेछ ।

<u>सस्कृति प्रवर्द्धन</u>

सुनकोशी गाँउपालिकाभित्रका स्थानीय भाषा साहित्य कला र सस्कृतिको संरक्षण र सम्बर्द्धनमा विशेष ध्यान दिइनेछ ।यससँग सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन गरी पर्यटकहरुलाई आकर्षण गरिनेछ ।

गाँउपालिकामा रहेका गुम्बा, मठ, मन्दिरहरु, पोखरी र चौताराहरुको पहिचान संरक्षण एंव सम्बर्द्धनका लागि जोड दिइनेछ ।

लोपोन्मुख र अन्य जातीहरुको संस्कृतिको जगेर्नालाई आय आर्जन र जिविकोपार्जन कार्यक्रमसँग जोडिनेछ ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

## लैङ्गिक समानता एंव समाजिक संमावेशीकरण

- पूर्ण समावेशी सुनकोशी गाँउपालिका निर्माणको लागि आर्थिक, सामाजिक र राजनीतिक समावेशिकरण, वित्तीय समावेशीकरण, उपभोक्ता समिति र संघ संस्था र संगठनहरुमा समावेशीकरण र गाँउपालिकाको समग्र लाभ अवसर र प्रतिफल वितरणमा समावेशीकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- महिलाहरुको आर्थिक समुन्नयनका लागि गृहणी महिला शसक्तीकरण कार्यक्रम र राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- महिला बालबालिका दलित तथा उत्पिडित जनजाती विपन्न सिमान्तकृत अपाङ्ग एंव पछाडी परेका बर्गलाई राष्ट्रिय मुलप्रवाहीकरणका कार्यक्रम संचालन गरिनेछ ।
- मानव वेचविखन, घरेलु हिंसा, बालश्रम छुवाछुत तथा सामाजिक कुरितीको रुपमा रहेका प्रथाहरुको सबै पक्षहरुको सहयोगमा न्युनिकरणका लागि विविध कार्यक्रमहरु संचालन गरिनेछ ।लैङ्गिक समानता र शसक्तिकरणका कार्यक्रम क्षमता र नेतृत्व विकास कार्यक्रम व्यावसायिक सीप विकासका कार्यक्रम बहस पैरवी तथा जनचेतनामूलक अभियान समूह सहकारी र सहुलियतपूर्ण ऋण कार्यक्रमहरु संचालन गरिनेछ ।
- घरेलु हिंसा वालविवाह वहुविवाह मानव बेचविखन यौन दुर्व्यवहार बालश्रम र विभेद जस्ता सामाजिक अपराधहरु न्यूनिकरणका लागि माध्यमिक विद्यालयका विद्यार्थीहरुमा सचेतना एँव अभिमुखिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।साथै बालक्लब तथा किशोरी संजाल क्षमता विकास कार्यक्रम एंव जनप्रतिनिधी र सरोकारवालाहरुबीच अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- महिला, बालबालिका, दलित, अपाङ्ग, जेष्ठ नागरिक, असहाय लोपोन्मुख समुदाय र एकलहरुको हक र अधिकार सुनिश्चित हुने वातावरण सिर्जना गरिनेछ ।साथै सामाजिक सुरक्षा र मानव अधिकारका लागि सचेतना

दिपा बोहोरा दाहाल
अध्यक्ष

कार्यक्रमहरु संचालन गर्न सामाजिक संघ संस्थाहरुलाई समेत परिचालन गरिनेछ ।

जेष्ठ नागरिकहरुको अनुभव आदान प्रदान एंव अन्तरपुस्ता अन्तरसीप हस्तान्तरण कार्यक्रमहरु संचालन तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम गरिनेछ। पारिवारिक रुपमा उपेक्षित अपहेलनामा परेका जेष्ठ नागरिकहरुको लागि गाँउपालिकास्तरमा एक जेष्ठ नागरिक आश्रमको व्यवस्था गर्न संघ तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।

उपाध्यक्ष सँग बालबालिका कार्यक्रम अन्तर्गत बालमैत्री संरचनाहरुमा सुदृढीकरण गरिनेछ ।

घुम्ती शिविर संचालन गरी जेष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र वितरणलाइ प्रभावकारी बनाइनेछ ।

३५ बर्ष भन्दा माथि ५९ बर्षसम्म अविवाहित महिलाहरुलाई आर्थिक सहयोग प्रदानलाई निरन्तरता दिइनेछ ।

ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई आर्थिक सहायता एव आवश्यक सहयोगी सामाग्री उपलब्ध गराइनेछ ।

बालमैत्री गाँउपालिका घोषणका लागि सूचकहरुको आधारमा कार्ययोजना निर्माण गरि अगाडी बढिनेछ ।आर्थिक बर्ष २०८१।०८२ मा एक बाल बगैंचाको निर्माण गरिनेछ ।

बालविवाह न्यूनीकरणका लागि ब्याचलर पास गरी विवाह गर्ने जोडीलाई प्रोत्साहन गर्न अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ ।

हिंसाबाट पिडित महिलाहरु र विपद र जोखिममा परेका बालबालिकाहरुका लागि राहत तथा आर्थिक सहायता प्रदान गर्न आकस्मिक कोषको व्यवस्थापन गरिनेछ ।

एक वडा एक महिला उपभोक्ता समिति मार्फत योजना तथा कार्यक्रम संचालन गरिनेछ । महिला उपभोक्ता समिति मार्फत कार्य गर्दा जनश्रमदानमा २० प्रतिशत छुट दिइनेछ ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

युवा तथा खेलकुद

- युवाहरुमा म बन्न सक्छु गाँउपालिकाको अध्यक्ष उपाध्यक्ष कार्यक्रम संचालन गरी समृद्ध सुनकोशी गाँउपालिकाको खाका तयार गर्न लगाइ युवाहरुमा सिर्जनशीलताको विकास गरिनेछ ।
- एक वडा एक खेलकुद मैदान निर्माण तथा स्तरोन्नती गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र वडा स्तरीय खेल कार्यक्रमहरु संचालन गरी खेलकुदको विकास गरिनेछ । यस गाँउपालिकाबाट जिल्ला प्रदेश र राष्ट्रिय स्तरमा छनौट भएका प्रशिक्षक तथा खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ ।विद्यालय स्तरको खेल सुदृढीकरणका लागि सबै मावि स्कूलहरुमा खेल शिक्षक परिचालन गरिनेछ ।
- युवालाई पर्यावरणसँग जोड्न र टोलको सौन्दर्यीकरण गर्न विविध कार्यक्रमहरु संचालन गरिनेछ ।
- युवाहरुलाई विकाससँग जोड्न र उत्प्रेरित गर्न १८ बर्ष देखि ४० बर्ष उमेर समूहको मात्रैको उपभोक्ता समिति मार्फत कार्य गर्दा जनश्रमदानमा २० प्रतिशत छुट दिइनेछ ।
- सुनकोशी गाँउपालिकाको आर्थिक सामाजिक र राजनीतिक विकासका गतिविधिहरुमा युवाहरुको परिचालन गरिनेछ ।
- युवा उद्दमीहरुलाई उद्योग तथा व्यवसाय दर्ता नविकरण ऋण सहुलियत र अनुदानमा विशेष व्यवस्था गरिनेछ ।
- सामाजिक विकृतिहरु, कुरिती र कुसंस्कार, घरेलु हिंसा, सामाजिक हिंसा, बालविवाह, बहुविवाह, सामाजिक विभेद र छुवाछुतजन्य अपराधहरुको न्यूकरणका लागि युवाहरुको परिचालन गरिनेछ ।
- लागू औषध दुर्व्यसन मूक्त सुनकोशी गाँउपालिका निर्माणका लागि गुरुयोजना तयार गर्नुका साथै सरोकारवालाहरुलाई अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

Hapandry

## न्यायिक समिति र सामाजिक परिचालन

- न्यायिक समिति इजलास र निवेदन दर्ता र फछ्र्यौट प्रणालीको सफ्टवेयरको प्रभावकारी संचालन गरिनेछ ।
- लैङ्गिक र घरेलु हिंसा रहित परिवार र समाज निर्माण गर्न मनोसामाजिक परामर्शकर्ताहरु मेलमलापकर्ता हरु र जनप्रतिनिधिहरुलाई अभिमुखिकरण गरी परिचालन गरिनेछ ।साथै सरकारी तथा गैरसरकारी संस्थाहरुको समेत परिचालन गरिनेछ ।
- लैङ्गिक हिंसाबाट पिडित तथा मानसिक स्वास्थ्य समस्या भएकाहरुलाई जोडी र पारिवारिक मनोविमर्श सेवा उपलब्ध गराइनेछ ।साथै उपचार, रिफर तथा पुनर्स्थापना र थप उपचारको लागि कोषको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- हिंसा पिडितहरुसँग उपाध्यक्ष कार्यक्रम संचालन गरी प्रत्येक वडामा अभिमूखीकरण र सहजीकरण कार्यक्रम संचालन गरिनेछ ।

## पोषण सुधार सम्बन्धी

सुनकोशी गाँउपालिकाका प्रजनन उमेर समूहका महिला, ५ बर्ष मुनिका बालबालिका र किशोरकिशोरीहरुमा हुने सबै खाले कुपोषण घटाउन बहुक्षेत्रिय पोषण योजना तथा प्रयासलाई निरन्तरता दिइनेछ ।

सुनकोशी गाँउपालिकाको पोषण प्रोफाइल निर्माणको तयारी गरिनेछ ।

स्वास्थ्य संस्थाहरुमा पोषण कर्नर चुस्त दुरुस्त राखि लक्षित समूहलाई अभिमुखिकरण गरिनेछ ।कुपोषण भएकाहरुको लागि विशेष उपचारको व्यवस्था गरिनेछ ।

पोषणमैत्री सुनकोशी गाँउपालिका घोषणा गर्न आवश्यक नीति, योजना तथा कार्यक्रमहरु तयार गरी अगाडी बढाइनेछ ।

बहुक्षेत्रीय पोषणसँग सम्बन्धित विविध समितिहरुको गठन र क्रियाशीलता बढाइ सम्बन्धित सबै पक्षहरुको क्षमता विकासका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।

Hapandry

दिपा बोहोरा दाहाल
अध्यक्ष

श्रम तथा रोजगार

सुनकोशी गाँउपालिकाको बेरोजगार सूचिमा सूचिकृत बेरोजगारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत र सोही ढाँचामा "अध्यक्ष रोजगार कार्यक्रम" संचालन गरी थप संख्यामा पुरातात्विक ऐतिहासिक र पर्यावरणीय सम्पतिहरुको संरक्षण र मर्मत संभार कार्यहरुमा परिचालन गरी रोजगार प्रदान गरिनेछ ।

"सिप सिकौं आत्मनिर्भरताको लागि उद्दमशील बनौं" भन्ने नारालाई स्थापित गर्दै युवाहरुहरुलाई उद्दमशील र स्वरोजगार बनाउने नीति अबलम्बन गरिनेछ ।रोजगारीको अवसर, रोजगारदाता र रोजगारको खोजीमा रहेका व्यक्तिहरुबीचमा समन्वय बनाउनको लागि रोजगार मेला संचालन गरिनेछ ।

सुनकोशी गाँउपालिकाको रोजगार सेवा केन्द्रलाई एकिकृत सेवा केन्द्रको रुपमा विकास गरिनेछ ।

रोजगारीको अवसर पहिचान, समस्याको समाधान र रोजगारीको क्षेत्रमा नविनतम उपाय र विधिको पहिचान गर्न रोजगार रणनीति गरी कार्यान्वयन गरिनेछ ।

वैदेशिक रोजगारमा जान चाहनेहरुका लागि श्रम स्वीकृति र पुनःश्रम स्वीकृतिको कार्य रोजगार सेवा केन्द्र मार्फत निरन्तर संचालन गरिनेछ ।
देशिक रोजगारीमा गएका र फर्किएका नागरिकहरुको तथ्याङ्क संकलन री पुनः एकिकरण गर्ने कार्यक्रम निरन्तर संचालन गरिनेछ ।

पूर्वाधार विकास

डक तथा पुल

क वडा एक दिगो र सुरक्षित कालोपत्रे सडक निर्माण कार्यलाई भियानकै रुपमा बजेटमा पहिलो प्राथमिकतामा राखिनेछ।सुनकोशी उपालिकाको यातायात गुरुयोजनालाई पूर्ण रुपमा लागू गरिनेछ ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

- नागी मतनबास बन्दीपुर कोटगाँउ डाँगी काफ्लेचौर महाभारत कृषि सडक लगायत वडाभित्रका महत्वपूर्ण सडकहरुको लागि संघ र प्रदेश सरकारसँग पहल र सहकार्य गरी स्तरोन्नतीको कार्यलाई निरन्तरता दिइनेछ।
- वडा न ५ को रामटार रिङरोडलाई स्तरोन्नती गरी कालोपत्रे गर्नका लागि आगामी आर्थिक बर्षमा राष्ट्रिय योजना आयोग समक्ष प्रस्ताव पेश गरिनेछ ।
- विपी हाइवेबाट स्तरोन्नती तथा कालोपत्रे कार्य शुरु गरी सबै वडाका मूख्य सडकहरुलाई दिगो सुरक्षित र भरपर्दो सडकको रुपमा विकास गरिनेछ ।
- सडक निर्माणको क्रममा हुने क्षतिहरु कम तथा सुरक्षित र सुन्दर सडक क्षेत्र निर्माण गर्न सडकको तल र माथी क्षेत्रमा उपयुक्त रुख विरुवाहरु रोप्ने कार्यमा विशेष ध्यान दिइनेछ ।
- गाँउपालिकाभित्र आवश्यक ठाँउमा झोलुङ्गे पुलहरु तथा साहसिक खेलका लागि पुलहरु र संरचना निर्माणको लागि सबै तहहरुसँग निरन्तर पहल गरिनेछ ।
- गाँउपालिका क्षेत्रभित्रका हाइवे तथा ग्रामिण सडकहरुमा हुन सक्ने दुर्घटनाहरुलाई रोक्न तथा हुन सक्ने धनजनको क्षतिलाई कम गर्न सरोकारवालाहरुसँग निरन्तर समन्वय र छलफल गरिनेछ ।

सिंचाई

आर्थिक बर्ष २०८१।०८२ लाई सिंचाई निर्माण बर्ष घोषणा गर्दै संघ प्रदेश र विभिन्न संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी खेतियोग्य जमिन र टारहरुमा सिंचाइ हुने व्यवस्था गरिनेछ ।

परम्परागत तथा आधुनिक सिंचाई योजनाहरु (थोपा स्प्रिङकल लिफ्ट आदि)लाई विशेष प्राथमिकतामा राखिनेछ ।

एक गाँउ एक पोखरी नीति अवलम्बन गरी पर्यावरणीय पक्षलाई समेत जोड गर्दै कृषि योग्य जमिनहरु सिंचाई हुने व्यवस्था गरिनेछ ।

दिपा बोहरा मगर
अध्यक्ष

भवन तथा सहरी विकास

- सुनकोशी गाँउपालिकाभित्र भवन घर टहरा तथा संरचनाहरु निर्माण गर्दा नेपाल सरकार र गाँउपालिकाको भवन निर्माण आचारसंहिता तथा मापदण्डको पालना गराउने कार्य कडाइका साथ लागू गरिनेछ ।साथै भवन आचारसंहिता र मापदण्ड विना निर्माण गरिएका संरचनाहरुलाई हटाउने कार्य शुरु गरिनेछ ।
- भू-उपयोग नीति अनुरुप वर्गीकरण भएको जमिनलाई सोही अनुसार उपयोग गर्न निरन्तर जोड दिइनेछ ।
- जोखिममा रहेका घर तथा बस्तीहरुको स्थानान्तरण गरी व्यवस्थित बस्ती विकासको नीति लागु गरिनेछ ।
- गाँउपालिकाभित्रका भूमिहिन दलितहरु, अव्यवस्थित बसोबासीहरु तथा सुकुम्बासीहरुलाई भूमिको उपलब्धता र आवासको लागि नेपाल सरकार र वाग्मती प्रदेश सरकारसँग पहल र समन्वय गरिनेछ ।

सुन्दर र सफा गाँउ टोल तथा ब्रजारहरु निर्माणको लागि टोल विकास संस्थाहरुलाई सक्रिय बनाइ परिचालन गरिनेछ ।

उर्जा लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)

आर्थिक बर्ष २०८१।०८२ उज्यालो सुनकोशी गाँउपालिका घोषणाको बर्ष हुनेछ ।

सुनकोशी गाँउपालिकाभित्र वैकल्पिक उर्जाको प्रयोगमा विशेष जोड दिइनेछ। खाना पकाउने उर्जाको रुपमा प्रयोग हुँदै आएको दाउरा र सिलिन्डर ग्यासको विस्थापनका लागि विपन्न नागरिकहरुलाई अनुदानमा प्रत्येक बर्ष विद्युतीय चुलो वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

बातावरणीय प्रदुषणमा न्यूनिकरण गरी सफा स्वच्छ र सुन्दर सुनकोशी निर्माणको लागि विद्युतीय उर्जा र विद्युतीय सवारीको प्रयोग गर्न चार्जिङ स्टेसनहरु व्यवस्थापनमा विशेष ध्यान दिइनेछ ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

## सूचना प्रविधि तथा संचार

- सुनकोशी गाँउपालिकाभित्र गुणस्तरीय टेलिफोन तथा इन्टरनेट सेवाका लागि सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरी अनलाइन सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।
- सुनकोशी गाँउपालिकाको वेवसाइड र फेसबुक पेजहरु मार्फत सबै नागरिकहरुमा सूचनाको हक प्राप्त भएक महसुस गराइनेछ । गाँउपालिकाको सम्पूर्ण निर्णयहरु सार्वजनिक गर्ने व्यवस्था गरिनेछ ।
- सुनकोशी गाँउपालिकाको सेवाहरु र सबै तथ्याङ्कहरुमा नागरिकहरुको सरल सहज र प्रविधिमैत्री पहुँचका लागि सुनकोशी एप संचालन गरिनेछ ।
- क्यू आर मार्फत कर संकलन, इमेल मार्फत सेवा प्रवाह र सहजीकरण र डिजीटल तथा अनलाइन सेवा प्रवाहलाई सुदृढीकरण गर्दै लगिनेछ । विद्यालयस्तरमा डिजिटल साक्षरता कक्षा संचालन गरी साइबर क्राइम तथा विद्युतीय अपराध र विद्युतीय संसारको फाइदा/वेफाइदाका बारेमा अभिमुखिकरण गरिनेछ ।
- विकाससँग सञ्चार र सञ्चारसँगै विकासको अवधारणालाई आत्मसाथ गर्दै सम्पूर्ण विकासका गतिविधिहरुलाई डिजीटल डकुमेन्टेसन गरिनेछ ।

घ.वातावरण तथा विपद व्यवस्थापन

## वन तथा भु-संरक्षण जलाधार संरक्षण वातावरण संरक्षण जलवायू परिवर्तन

सुनकोशी गाँउपालिकाभित्रका भूमि तथा वनक्षेत्रलाई संरक्षण र विकासका लागि वृक्षारोपणका तथा भू-संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ ।वृक्षारोपण गरी भू-संरक्षणमा योगदान पुर्याउने व्यक्ति तथा समूह र टोल विकास संस्थाहरुलाई सम्मान प्रोत्साहन तथा पुरस्कृत गरिनेछ ।हरियो सुनकोशी गाँउपालिका निर्माणमा निरन्तरता दिइनेछ

दुर्लभ पशुपंक्षि एंव वन्यजन्तु जोगाई वृद्धि गराउन समुदायमा आधारित संरक्षण प्रणाली अबलम्वन गरिनेछ ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

- महामारी भूकम्प बाढी पहिरो आगजनी चटयाङ विद्युत सर्ट डढेलो जंगली जनावरहरुको आक्रमण लगायतको मानवीय तथा प्राकृतिक प्रकोपहरुबाट बच्न नागरिकहरुलाई विभिन्न संचार माध्यमहरुबाट सूसुचित गरिनेछ । साथै विपदमा उद्दार राहत तथा व्यवस्थापनका लागि एकिकृत सूचना प्रणालीको विकास गरिनेछ ।
- विपद र प्रकोपबाट नागरिकहरुमा भएको क्षतिलाई संवोधन गर्न सम्बन्धित सबै निकायहरुसँगको समन्वय र सहकार्यमा राहत तथा सहायता प्रदान गरिनेछ ।
- आर्थिक अवस्था कमजोर भएका नागरिकहरुलाई स्वास्थ्य उपचारका लागि तथा विपदको समयमा विपद कोष तथा आकस्मिक कोषबाट राहत तथा आर्थिक सहायत उपलब्ध गराइनेछ ।

ङ.संस्थागत विकास तथा सेवा प्रवाह

<u>मानव संसाधन तथा संस्थागत क्षमता विकास</u>

- गाँउपालिकाको समग्र विकासका लागि विभिन्न तालिम, गोष्ठी, भ्रमण, अध्ययन र अनुसन्धान जस्ता कार्यहरुमा जोड दिइनेछ ।
- स्थानिय सीप श्रोत साधन र क्षमताको अधिकतमा उपयोग गर्न विभिन्न सरोकारवाला संघ संस्थाहरुसंग साझेदारीमा विशेष जोड दिइनेछ ।
- गाँउपालिका अन्तर्गतका कर्मचारीहरु र जनप्रतिनिधीहरुको लागि व्यक्तित्व विकास सम्वन्धी तालिमहरु कम्प्यूटर र सफ्टवेयर प्रणाली सम्बन्धी ज्ञान र तालिमहरु र नैतिकता र आचरण सम्बन्धी तालिमहरु संचालन गरिनेछ ।
- सुनकोशी गाँउपालिका कार्यालय र यस अन्तर्गतका कार्यालयहरुमा कार्यरत सबै कर्मचारीहरुलाई समान तहमा समान सुविधा कायम गरी स्केल अनुसार तलब भत्ता उपलब्ध गराइनेछ ।
- कानून अनुसार उमेर हद पुगेका स्थायी तथा करारका शिक्षक, विद्यालय कर्मचारी र गाँउपालिकाका कर्मचारीहरूलाई अनिवार्य अवकास गरी स-सम्मान विदाइ गर्ने व्यवस्था गरिनेछ ।

दिपा डाँहोरा दाहाल
अध्यक्ष

संघ र प्रदेश अन्तर्गतका संस्थाहरु गाँउपालिका महासंघ लगायतको निकायहरुले संचालन गर्ने अभिमुखिकरण तथा गोष्ठिहरुमा समावेशी तरिकाले सक्रिय र अनिवार्य सहभागिता जनाई सिकेका कुरा कार्यालयमा आई सिकाइ आदानप्रदान गर्ने प्रणालीको विकास गरिनेछ ।

सेवा प्रवाहको प्रभावकारिता सम्बन्धमा समीक्षा गर्न जनप्रतिनिधि र कर्मचारीहरुबीचको चौमासिक बैठक बस्ने पद्दतिको विकास गरिनेछ ।

उत्कृष्ट कर्मचारीहरुको मनोबल बढाउन र अन्यमा उत्प्रेरणा जगाउन दण्ड र पुरस्कारको नीतिलाई अबलम्बन गरिनेछ ।अतिरिक्त समय खटिइ सेवा प्रवाह गर्ने कर्मचारीहरुलाई कार्यविधि अनुरुप प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

संस्थागत पूर्वाधार नागरिक वडापत्र तथा टोकन प्रणाली

सुनकोशी गाँउपालिकाभित्र अपाङ्ग, असहाय, वालमैत्री र लैङ्गिकमैत्री पूर्वाधारहरुको निर्माण तथा मर्मत सुधार गरि लक्षित वर्गमैत्री सेवा प्रवाह गरिनेछ ।

स्पष्ट र उपयोगी इलोक्ट्रोनिक/कम्प्युटराइज डिजीटल नागरिक वडापत्रको प्रभावकारी प्रयोग गरिनेछ ।

छिटो छरितो र प्रभावकारी सेवा प्रवाहको लागि शाखाहरु र कर्मचारीहरुको उपयूक्त विभाजन सहित पारदर्शी जवाफदेही र मुस्कान सहितको सेवा प्रणालीको विकास गरिनेछ ।

सेवाग्राही आराम कक्षबाटै सेवा प्राप्त गर्ने गरी सेवा सहजीकरण र सुदृढीकरण गरिनेछ ।

सेवा प्रवाहका मापदण्ड निर्धारण

सेवाग्राहीहरुलाई सेवा प्राप्तिको लागि कार्यालयहरुमा प्रवेश गर्दा स्वागत गर्ने संस्कृतिको विकास गरिनेछ ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङन LISA कार्यविधि अनुरुप गाँउपालिकालाई निरन्तर अपग्रेड गर्दै लगिनेछ ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

- सेवा प्रवाहलाई सरलीकरण र सहजीकरण गर्न आवश्यक कानूनहरु तथा कार्यविधिहरुको निर्माण गरिनेछ । आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुद बनाइनेछ ।
- नेपाल सरकार, प्रदेश सरकार र सुनकोशी गाँउपालिकाबीच समन्वय सहकारिता र सह-अस्तित्वको आधारमा विकास निर्माण तथा सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाइनेछ ।
- छिमेकी गाँउपालिका तथा नगरपालिकाहरुसँग उपयुक्त क्षेत्रहरुमा अन्तर तह समन्वय र सहकार्यको नीति अवलम्बन गरी विकास निर्माणका कार्य तथा सेवा प्रवाह संचालन गरिनेछ ।
- राष्ट्रिय र अन्तराष्ट्रिय स्थानीय तहहरुसँग भगिनि सम्बन्धहरु स्थापित गर्दै सिकाइ आदानप्रदानको माध्यमबाट विकास निर्माण र सेवा प्रवाहका विधिहरुमा नविनता ल्याइनेछ ।
- विकासका कार्यक्रमहरुमा सार्वजनिक निजी साझेदारी PPP को नीति अवलम्बन गरिनेछ ।
- सुनकोशी गाँउपालिका अन्तर्गत कार्यरत लिवर्ड, युएनडिपी, प्लान नेपाल, ह्यान्ड्स नेपाल, सिड्स नेपाल, जिएसडिपी नेपाल, रेडक्रस सोसाइटी, नेवा लगायत सरकारी तथा गैरसरकारी संस्थाहरुले पेश गरेका कार्यक्रमहरु गाँउपालिकाको उदेश्यसँग मिलान गर्दै समन्वय र सहकार्यमा संचालन गरिनेछ ।
- सुनकोशी गाँउपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरुमा उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति, निर्माण व्यवसायी, टोल विकास समिति, युवा क्लब तथा समिति र समूहरु वडा कार्यालयहरु र कर्मचारीहरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधीको प्रयोग

- सेवा प्रवाहका सम्पूर्ण कार्यहरु कम्प्यूटर र इन्टरनेट प्रणाली मार्फत गरिनेछ ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

- सेवा प्रदायक र सेवाग्राहीहरु प्रविधिमैत्री बनाउन विभिन्न तालिम तथा संचारका कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाँउपालिका कार्यालय वडाकार्यालयहरु स्वास्थ्य संस्थाहरु र विद्यालयहरुमा सूचना तथा प्रविधिको प्रयोग बढाउन आवश्यक विद्युतीय सूचना प्रविधिका सामाग्रीहरु उपलब्ध गराइनेछ ।
- नागरिकहरुमा डिजिटल साक्षरता सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

च.वित्तिय व्यवस्थापन र सुशासन

<u>राजस्व परिचालन वित्तीय अनुशासन र वित्तीय जोखिम न्युनिकरण</u>

- संचित कोषबाट हुने तलबभत्ता लगायतका सबै सरकारी भुक्तानीहरु इलेक्ट्रोनिक फन्ड ट्रान्सफर EFT मार्फत बैङ्क खाताबाट मात्रै गरिनेछ ।
- आर्थिक मितव्ययीतालाई जोड दिंदै सुशासन अभिवृद्धिमा जोड दिइनेछ। अत्यावश्यक वाहेक कार्यालय सामाग्रीहरु खरिद गरिनेछैन । जिन्सी श्रेस्ता प्रणालीलाई प्रभावकारी प्रयोग गर्दै सार्वजनिक सम्पतिहरुको एकिन गर्ने र खरिद गुरुयोजना अनुरुप नयाँ खरिद कार्य गरिनेछ ।
- विभिन्न करका क्षेत्रहरु पहिचान गरी नियमानुसार राजस्व संकलन गरिनेछ । राजस्व संकलनको रणनीति अनुरुप सबैलाई करको दायरामा ल्याउने प्रयास गरिनेछ ।
- वहाल विरौटी कर, फोहरमैला तथा सरसफाइ शुल्क लगायतका राजस्व संकलनका क्षेत्रहरुमा क्लबहरु, सामुदायिक विद्यालयहरु तथा अन्य संस्थाहरुको परिचालन गरिनेछ ।
- नीतिगत स्थिरता र सुशासनका लागि आर्थिक बर्ष २०८०।८१ को नीतिहरुको निरन्तरता दिइ योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

Deepawali

लेखाङ्कन आन्तरिक लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, सार्वजनिक सुनुवाई सामाजिक परिक्षण अन्तिम लेखा परिक्षण तथा बेरुजु फछ्र्यौट र सुचना तथा संचार व्यवस्थापन

- गाँउपालिकाको आर्थिक कारोबारहरुको प्रचलित कानून अनुसार चुस्त दुरुस्त लेखाङ्कन गरिनेछ । साथै नियमानुसार आ.ले.प र म.ले.प गरी वार्षिक क्रियाकलापहरु तथा आय व्यायको विवरण आर्थिक मसान्त सकिदा वित्तिकै यथासिघ्र सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाईने छ ।
- गाँउपालिकाबाट संचालन हुने हरेक कार्यक्रमहरुको विवरण सोही दिन र एकिकृत आय व्यायको विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।
- बेरुजु र बेरुजु फछ्र्यौटको विषयमा अति सम्बेदनशिलता अपनाइने छ । गत बर्षहरुको बेरुजु संपरीक्षणका लागि कार्ययोजना तयार गरिनेछ ।

आदरणीय गाँउसभाका सदस्य ज्यूहरु
सभामा उपस्थित महानुभावहरु

५.सुनकोशी गाँउपालिकाको आर्थिक बर्ष २०८१।०८२ को प्रस्तावित नीति तथा कार्यक्रमले गाँउपालिकाको समग्र विकास र समृद्धिमा योगदान पुर्याउनेछ भन्ने हाम्रो विश्वास रहेको छ ।गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह मार्फत स्थानीय सरकारप्रति आम नागरिकको विश्वास बढाउने, आर्थिक क्षेत्रको सवलीकरण मार्फत उत्पादकत्व र रोजगारीमा अभिवृद्धि गर्ने र असमानता र विभेदको अन्त्य गर्दै समतामूलक र न्यायपूर्ण सुनकोशी गाँउपालिका निर्माण गर्ने रुपान्तरणकारी दिशामा यो नीति तथा कार्यक्रम हुने विश्वास लिएको छु। नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सबैको सक्रिय सहभागिता हुनेछ भन्ने विश्वास लिदै आर्थिक बर्ष २०८१।८२ को नीति तथा कार्यक्रम पारित गरिदिनु अनुरोध गर्दछु ।

Deepawali

दिपा बोहीरा दाहाल
अध्यक्ष

६.अन्त्यमा यो नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नुहुने स्थानीय राजनीतिक दलहरु, स्थानीय समाचार माध्यमहरु, गाँउपालिकाका राष्ट्रसेवक कर्मचारीहरु, सरकारी तथा गैरसरकारी संस्थाहरु, संघ र प्रदेश स्तरका सबै सरकारी कार्यालयहरु, संघ प्रदेश र स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि ज्यूहरु, विषयगत समितिहरु र नेपाल सरकार र बाग्मती प्रदेश सरकार प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत समन्वय सुझाव र सहकार्यको अपेक्षा गर्दछु ।

धन्यवाद ।

दिपा बोहोरा दाहाल
अध्यक्ष